

# दोर्दी-१ जलविद्युत खबर

सर्ज ट्याङ्क सम्म पुग्ने पहुँच मार्ग

फाल्गुण २०७३, अंक ३

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको क्याम्प हाउस र त्यसको लागि चाहिने सम्पूर्ण आधारभूत पूर्वाधारहरु तयार भइसकेका छन् । यस्तै, हाइड्रो मेकानिकल, इलेक्ट्रो मेकानिकल र टनेल वर्कसको लागि टेन्डर डकुमेन्ट तयार भइसकेको छ । जेष्ठ मसान्त २०७४ सम्ममा टनेल ठेक्का दिइसक्ने यस आयोजनाले लक्ष्य लिएको छ । मुख्य सडकबाट इन्टेक ( हेडवर्कस ), सर्ज ट्याङ्क र टेलरेस सम्म पुग्ने बाटो निर्माण कार्य सम्पन्न भइसकेको छ ।

दोर्दी खोला जलविद्युत कम्पनीले १०.३ मेगावाट बाट थप १.७ मेगावाट जडित क्षमता वृद्धिको लागि विद्युत विकास विभागबाट यस आर्थिक वर्ष भित्र सैद्धान्तिक सहमतिपत्र प्राप्त गरिसक्ने छ । साथै, विद्युत विकास विभागबाट १३२ के.भी प्रसारण लाइनको प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) को कार्यसूची (TOR) विद्युत विकास विभागबाट स्वीकृत भइसकेको छ ।



पावर हाउस देखि टेलरेस सम्म पुग्ने पहुँच मार्ग



स्काभेटर द्वारा बाटो खनिदै



आयोजनाको क्याम्प हाउस

प्रसारण लाइन को प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदनको लागि अध्ययन टोली आयोजना स्थलमा परिचालित भई अध्ययन कार्य सुरु गरिसकेका छन् । यस्तै, माघ २०, २०७३ मा जिल्ला वन कार्यालय लमजुङ्गबाट सरकारी वन क्षेत्र उपभोगको लागि सिफारिस भइसकेको छ । यस आयोजनाको निर्माण कार्य विस्तारको लागि कम्पनी द्वारा आयोजना निर्माण स्थलमा थप एक जना साइट इन्जिनियर र एक जना सर्भेयर परिचालन गरिएको छ ।



पावर हाउस बन्ने स्थल



मुख्य सडक देखि सर्ज ट्याङ्क पुग्ने बाटो



क्याम्प हाउस तयारी अवस्थामा


**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**